नेपाल एसबिआई बैंक लिमिटेड

**NEPAL SBI BANK LTD.**

केशरमहल, लैनचौर, काठमाडौं, नेपाल, फोन नं. ०१-४४३५५१६, ४४३५६१३

# हितग्राही खाताको वार्षिक संचालन शुल्क बुझाउने बारेको सूचना

यस बैंकमा आ.व. २०७६/७७ सम्म हितग्राही खाता (डिम्याट) खोल्नु भएका हितग्राही खातावालाहरुलाई धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ बमोजिम हाल सम्मको हितग्राही खाता संचालन वार्षिक शुल्क प्रति आ.व. को रु.१००/- (अक्षरेपी रुपैयाँ एक सय मात्र) का दरले यस आ.व. सम्म बुझाउन बाँकी रहेका हितग्राहीहरुले उक्त शुल्क २०७८ अषाढ मसान्त भित्र हितग्राहीहरुले आफ्नो "मेरो शेयर" मार्फत बिभिन्न Online payment Solution (Connect IPS, E-sewa, Khalti, Prabhu Pay or IME Remit) वा हालसम्म पनि "मेरो शेयर" सेवा नलिनु भएका हितग्राहीहरुले यस बैंकको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडको कार्यालय हात्तिसार, काठमाडौं मार्फत वा आफ्नो नजिकैको नेपाल एसबिआई बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालयमा सम्पर्क राखी तपसिलमा उल्लिखित खातामा शुल्क जम्मा गर्नुहुन अनुरोध गर्दछौं। तोकिएको समयावधिमा खाता संचालन वार्षिक शुल्क भुक्तानी नभएको अवस्थामा हितग्राहीहरुको डिम्याट खाता निष्कृय/रोक्का हुने हुँदा तोकिएको अवधिमा हितग्राही खाता संचालन वापतको वार्षिक शुल्क जम्मा गरी आफ्नो खाता सुचारु गर्न गराउनुहुन यसै सूचना मार्फत जानकारी गराउँदछौं।

साथै, यस बैंकमा हितग्राही (डिम्याट) खाता खोली "मेरो शेयर" को सेवा लिनुभएका हितग्राहीहरुले "मेरो शेयर" सेवा लिनु भएको एक वर्ष पुरा भए पश्चात "मेरो शेयर" सेवा वापतको वार्षिक शुल्क रु. ५०/- (अक्षरेपी रुपैयाँ पचास मात्र) आफ्नो "मेरो शेयर" मार्फत बिभिन्न Online payment Solution (Connect IPS, E-sewa, Khalti, Prabhu Pay or IME Remit) वा यस बैंकको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडको कार्यालय हात्तिसार, काठमाडौं मार्फत वा आफ्नो नजिकैको नेपाल एसबिआई बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालयमा सम्पर्क राखी तपशिलमा उल्लिखित नेपाल एसबिआई बैंकको खातामा जम्मा गर्नुहुन अनुरोध गर्दछौं।

हितग्राही खाता संचालन वार्षिक शुल्क र "मेरो शेयर" सेवा वापतको शुल्क बुझाउनु भएका हितग्राहीहरुले बैंक भौचरको प्रति यस बैंकको sharedpt@nsbl.com.np मा इमेल (e-mail) मार्फत पठाउन सकिने बेहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं।

| हितग्राही (डिम्याट) खाता:- | "मेरो शेयर" सेवा:- |
|---|---|
| खाता नं. १७६९५२४७००३०३२ | खाता नं. १७६९५२४७००३०१५ |
| नेपाल एसबिआई बैंक लिमिटेड, हात्तिसार शाखा | नेपाल एसबिआई बैंक लिमिटेड, हात्तिसार शाखा |
| खाताको नाम: DP-FEES/CHARGES ANNUAL OPERATION | खाताको नाम: DP-FEES/CHARGES ANNUAL MERO SHARE |
| जम्मा गर्ने : हितग्राहीको नाम ... ... ... ... ... ... ... | जम्मा गर्ने : हितग्राहीको नाम ... ... ... ... . |
| हितग्राही नं.: ... ... ... ... ... ... | हितग्राही नं.: ... ... ... ... ... ... |
| वार्षिक संचालन शुल्क: आ.व. २०७.../०७.... | वार्षिक संचालन शुल्क: आ.व. २०७.../०७.... |

**पुनश्च :**

१) हितग्राही (डिम्याट) खाता तथा मेरो शेयर को सेवा संचालन वार्षिक शुल्क जम्मा गर्दा अनिवार्य रुपमा हितग्राही खातावालाको नाम तथा हितग्राही खाता नं. उल्लेख गर्नु पर्नेछ। सो विवरण पुर्ण नभई वा फरक पर्न गएमा सो को जिम्मेवार हितग्राही स्वयं हुनेछ।

२) हालसम्म पनि "मेरो शेयर" सेवा नलिनु भएका हितग्राहीहरुले यस बैंकको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडको कार्यालय हात्तिसार, काठमाडौं मार्फत वा आफ्नो नजिकैको नेपाल एसबिआई बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालयमा सम्पर्क राखी "मेरो शेयर" सेवा लिन अनुरोध गरिन्छ।

यस सम्बन्धि अन्य जानकारीको लागि sharedpt@nsbl.com.np मा e-mail गर्न वा ०१-४४१२७४३ मा सम्पर्क गर्न अनुरोध गरिन्छ।

**शेयर रजिष्ट्रार**

**नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड**

**Nepal SBI Merchant Banking Ltd.**

NSMBL

हात्तिसार, काठमाडौं फोन नं.: ४४१२७४३ वेब: www.nsmbl.com.np

शुक्रवार, २५ असार २०७८ | Friday, 9 July 2021

आर्थिक अभियान